# प्रदेश लोक सेवा आयोग

## सुदूरपश्चिम प्रदेश

धनगढी, कैलाली

**(प्रशासन, योजना तथा सूचना प्रकाशन शाखा)**

### प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तहविहीन, वन रक्षक पदको खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाको विज्ञापन

**सूचना नं ०३/२०७८-०७९** **मितिः-२०७८।१२।०९**

### खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय,सुदूरपश्चिम प्रदेश,धनगढी,कैलाली को प.सं.०७८/७९,च.नं. ७४५, मिति २०७८।११।३० को पत्रबाट माग भए बमोजिम प्रदेश निजामती सेवा अन्तर्गत नेपाल वन सेवा, जनरल फरेष्ट्री समूह, तह विहीन, वन रक्षक पदको प्रचलित कानून बमोजिम खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ।तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले आयोगको विद्युतीय दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त दिनु पर्नेछ ।बिज्ञापित पदहरुमा शारीरिक तन्दुरुस्ती परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरु मात्र लिखित परीक्षामा सहभागी हुन पाउनेछन। शारीरिक तन्दुरुस्ती परीक्षाको कार्यतालिका र परीक्षा केन्द्र दरखास्त दिने उम्मेदवारहरुको दरखास्त स्वीकृत भएको अन्तिम नामावली प्रकाशन गर्ने सूचनामा आयोगको वेवसाईट मार्फत प्रकाशित गरिनेछ ।

| क्र.सं. | बिज्ञापन नं | पद, सेवा, समूह | बिज्ञापनको किसिम | माग पदसंख्या |
|---|---|---|---|---|
| १ | ५०१/०७८-७९ | वन रक्षक, नेपाल वन,जनरल फरेष्ट्री | खुला | ९२ |
| २ | ५०२/०७८-७९ | वन रक्षक, नेपाल वन,जनरल फरेष्ट्री | महिला | २५ |
| ३ | ५०३/०७८-७९ | वन रक्षक, नेपाल वन,जनरल फरेष्ट्री | आदिवासी/जनजाती | २० |
| ४ | ५०४/०७८-७९ | वन रक्षक, नेपाल वन,जनरल फरेष्ट्री | मधेसी | १६ |
| ५ | ५०५/०७८-७९ | वन रक्षक, नेपाल वन,जनरल फरेष्ट्री | दलित | ७ |
| ६ | ५०६/०७८-७९ | वन रक्षक, नेपाल वन,जनरल फरेष्ट्री | अपाङ्ग | ४ |
| ७ | ५०७/०७८-७९ | वन रक्षक, नेपाल वन,जनरल फरेष्ट्री | पिछडिएको क्षेत्र | ३ |
| | | | **जम्मा** | १६७ |

**परीक्षाको किसिमः-** शारीरिक तन्दुरुस्ती परीक्षण, लिखित र अन्तर्वार्ता ।

**लिखित परीक्षा मितिः-** शारीरिक तन्दुरुस्ती परीक्षणको नतिजा प्रकाशन पश्चात् प्रकाशन गरिनेछ ।

**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुन सक्नेछ ।

**दरखास्तको माध्यमः-** विज्ञापित सबै पदहरुमा अनलाइन दरखास्त प्रणाली मार्फत दरखास्त बुझाउनु पर्नेछ । आयोगको अनलाइन दरखास्त प्रणाली http://ppsconline.sudurpashchim.gov.np मार्फत दरखास्त पेश गर्न सकिनेछ र दरखास्त पेश गर्ने विधि/तरिका सम्बन्धी विस्तृत विवरण https://psc.sudurpashchim.gov.np/ बाट हेर्न सकिनेछ ।

**दरखास्त दस्तुरः-** प्रत्येक विज्ञापनका लागि दरखास्त दस्तुर रु. १००।- (सय) बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप समूह प्रत्येकका लागि रु. १००।- (सय) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने विधि र स्थानः-** आयोगको अनलाईन दरखास्त प्रणालीबाट फर्म Submit गरेपछि My Application मा गएर All Application मा Click गर्ने,त्यस पछि आफुले Apply गरेको विज्ञापनको Pay Button मा Click गर्ने, बैंक Option मा राष्ट्रिय वाणिज्य बैंक Select गर्ने र Online Payment वा Offline Payment मध्ये एक Option छनौट गरि भुक्तानी गर्ने ।

<u>**Online Payment (Connect IPS)**</u> बाट दरखास्त दस्तुर भुक्तानी गर्नः Online Payment, Select गरी Next मा Click गर्ने, त्यस पछि Connect IPS Login गरी तोकिएको रकम बुझाउनु पर्नेछ ।

<u>**बैंक भौचरबाट दरखास्त दस्तुर भुक्तानी गर्नः**</u> Offline Payment Select गरी Next मा Click गर्ने, त्यस पछि Voucher Generate मा Click गर्ने, त्यस पछि भौचर Print गरी सोही भौचर सहित सम्बन्धित बैंकमा गई तोकिएको रकम बुझाउनु पर्नेछ ।

<u>**(नोटः- CONNECTIPS**</u> को <u>**Direct URL www.connectips.com बाट रकम भुक्तानी तथा बैंकको भौचर प्रयोग गरी भुक्तानी गरिएको रकम मान्य हुने छैन**</u>

**दरखास्त दस्तुर बुझाउने अवधिः-** अनलाइन माध्यमबाट दरखास्त पेश गरिसकेपछि उम्मेदवारले प्राप्त गरेको <u>**Master ID**</u> र कारोबार संकेत नम्बर उल्लेख भएको भौचर सहित ढिलोमा दोब्बर दस्तुर तिरी दरखास्त दिन पाउने अन्तिम मितिको भोलिपल्ट कार्यालय समय भित्र (उक्त दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन) तोकिएको परीक्षा दस्तुर/दोब्बर दस्तुर अनिवार्य रुपमा बुझाउनु पर्नेछ।

**अपलोड गर्नुपर्ने कागजातहरुः-** विद्युतीय दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरि शैक्षिक योग्यता, समावेशी समूह खुल्ने कागजात लगायत सम्बन्धित विज्ञापनमा तोकिएका कागजपत्र अनलाईन दरखास्त प्रणालीको तोकिएको स्थानमा PDF Format मा अपलोड गर्नु पर्नेछ । सबै उम्मेदवारले आफनो नागरिकताको प्रमाणपत्रको अगाडि र पछाडिको भाग, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर JPG Format मा तोकिएको स्थानमा

अपलोड गर्नु पर्नेछ । उम्मेदवारहरुले विद्युतीय दरखास्त फारम भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आफैले सुनिश्चित गर्नुपर्नेछ। विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरुले आफ्नै मोबाइल नम्बर र इमेल ठेगाना उल्लेख गर्नु पर्नेछ । साथै दरखास्तमा उल्लेख गरेको विवरणका सम्बन्धमा उम्मेदवार स्वयं पूर्ण जवाफदेही हुनुपर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः**-२०७८।१२।२९ गते सम्म र दोब्बर दस्तुर तिरी २०७९।०१।०६गते सम्म ।

**उम्मेदवारको उमेरको हदः-** पुरुष उम्मेदवारको हकमा २०७८।१२।२९ सम्म १८ वर्ष उमेर पुरा भै ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्ग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

**अन्तर्वार्ता परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः**-लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी प्रदेश सरकारले तोके बमोजिम ।

**सेवा, शर्त र सुविधाः-** सेवा, शर्त र सुविधा प्रदेश कानून बमोजिम हुनेछ ।

**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह, उपसमूह संचालन गर्ने सुदूरपश्चिम प्रदेश अन्तर्गतका मन्त्रालय ।

## आवश्यक न्यूनतम योग्यताः

१) **वन सेवा, जनरल फरेष्ट्री समूह, वन रक्षक पदः-** मान्यता प्राप्त शिक्षण संस्थाबाट न्यूनतम आठ कक्षा उत्तीर्ण गरी शारीरिक तन्दुरुस्त भएको ।

२) **शारीरिक तन्दुरुस्ती परीक्षणको योजनाः-** शारीरिक परीक्षणमा तोकिएको देहायको मापदण्ड पुग्ने उम्मेदवारहरुले मात्र दरखास्त भर्न सक्नेछन् । तोकिएको मापदण्ड अनुसार नभएका उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ ।

### शारीरिक परीक्षण

| क्र.सं. | विवरण | पुरुष (न्यूनतम) | महिला (न्यूनतम) |
|---|---|---|---|
| १. | उचाई | ५ फिट २ इन्च (५'२") | ५ फिट (५') |
| २. | छाती | ३१-३३ इन्च (३१"-३३") | - |
| ३. | वजन | ५० के.जी. | ४२ के.जी. |
| ४. | आँखा परीक्षण | +२ देखि -२ भन्दा कमजोर नभएको | +२ देखि -२ भन्दा कमजोर नभएको |
| ५. | Color Vision Test | रंग पहिचान सम्बन्धी दोष नभएको | रंग पहिचान सम्बन्धी दोष नभएको |

नोटः- ग्रेडिङ प्रणाली पश्चात् एस.एल.सी.वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA २ वा सो भन्दा माथिको ग्रेड प्वाइन्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।

## खुला तथा समावेशी परीक्षाको लागि विशेष सूचना

(१) खुला तथा समावेशी बिज्ञापनमा दरखास्त दिने उम्मेदवार निजामती सेवा ऐन, २०४९ को दफा १० तथा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा १२ बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

(२) खुला र समावेशीतर्फको लिखित परीक्षा एकै सिटिङ्ग एकै मिति र समयमा हुनेछ । (प्रत्येक सेवा/समूह र खुला तथा समावेशी समूहको लागि छुट्टाछुट्टै परीक्षा दिनु पर्ने छैन)

(३) लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको नतिजा वर्णानुक्रमका आधारमा प्रकाशन गरिनेछ ।

(४) समावेशी समूहतर्फ लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुले समावेशी समूहको प्राथमिकताक्रम रोज्न पाउने छैनन् । उम्मेदवारले दरखास्त फाराममा उल्लेख गरेको समावेशी समूहको आधारमा आयोगको प्रचलित व्यवस्था अनुसार उम्मेदवारको समावेशी समूह कायम हुनेछ ।

(५) खुला तथा समावेशी समूहतर्फ लिखित परीक्षाबाट खुला र समावेशी तथा एकभन्दा बढी समावेशी समूहमा छनौट भएका उम्मेदवारले एक पटक मात्र प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा सम्मिलित हुने गरी कार्यक्रम तय हुनेछ । साथै प्रयोगात्मक परीक्षा र अन्तर्वार्ताको प्राप्ताङ्क उम्मेदवार उत्तीर्ण भएको सबै समूह (खुला र समावेशी) मा गणना गरिनेछ ।

(६) सबै चरणको परीक्षा पश्चात प्राप्त हुन आएको योग्यताक्रम (Merit Order) र उम्मेदवारले रोजेको कार्यालयहरुको प्राथमिकताक्रम (Priority Order) अनुसार नियुक्तिको लागि सिफारिस गरिनेछ ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहाय अनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ । लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताको लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरुको सक्कल सहित आफैंले प्रमाणित गरेको नक्कल समेत साथमा लिई आउनु पर्नेछ । उल्लेखित कागजातहरु दरखास्त दिने समयमा कायम रहेको नपाइएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ ।

क) आदिवासी/जनजातिका हकमा नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

घ) अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिशमा समाज कल्याणपरिषद/सम्बन्धित स्थानीय तहबाट अपाङ्गता प्रमाणित गरेको परिचयपत्र,

ङ) पिछडिएको क्षेत्रका हकमाः निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएका जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिन भन्दा ३ महिना अगाडी सम्मको सिफारिशको आधारमा । स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा सो गर्नुपर्नाको कारण उल्लेख भएको पत्र नागरिकता जारी गर्ने जिल्ला प्रशासन कार्यालयबाट लिएको, निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा (७) को स्पष्टिकरण खण्डको (१) मा उल्लेख भएको जिल्लामा विवाह गरी वा बसाइँसराइ गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाणपत्र र बसाइँसराइको हकमा छाडेको र गएको स्थानीय तहको बसाइँसराइ गरेको खुल्ने कागजात ।

**द्रष्टव्यः**

क) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

ख) समान पदमा उम्मेदवार बन्न पाउने व्यवस्था नभएकोले समान पदमा दरखास्त दिन पाइने छैन ।

ग) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

घ) सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको सम्बन्धित कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग बाध्य हुने छैन ।

ङ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडी शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, सेवाको अनुभव आवश्यक पर्नेमा सम्बन्धित कार्यालय प्रमुखबाट प्रमाणित गराएको सक्कल प्रति, आफुले दरखास्त दिएको सेवा समूह सम्बन्धी परिषदमा दर्ता हुनु पर्ने पदहरु भएमा सो परिषदमा दर्ता/नविकरण भएको प्रमाणपत्रको सक्कल प्रति, स्तरवृद्धि भएको भए स्तरवृद्धि भएको पत्र तथा समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

च) दरखास्त दिने अन्तिम मितिभित्र निर्धारित शैक्षिक योग्यता हासिल गरिसकेको हुनु पर्नेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

तर नेपालका विश्वविद्यालयहरुबाट निर्धारित शैक्षिक योग्यता पुरा गरी निर्धारित पदमा आवेदन दिने उम्मेदवारहरुले सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन सम्म दरखास्त साथ पेश गर्नुपर्ने न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र वा लब्धाङ्क विवरण पत्र (ट्रान्सक्रिप्ट) समयावधिको कारणले पेश गर्न नसक्ने उम्मेदवारहरुको हकमा, यदि उक्त सिङ्गल दस्तुर बुझाएर दरखास्त दिने अन्तिम दिन भित्र सम्बन्धित विश्वविद्यालयबाट परीक्षाफल प्रकाशित भईसकेको रहेछ र सो पुष्ट्याई हुने गरी सम्बन्धित विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विद्यार्थीले सो अविधि भित्र उक्त उपाधिको सबै परीक्षाहरु उत्तीर्ण गरिसकेको (सबै वर्ष/सेमेष्टरका परीक्षा, थेसिस, प्राक्टिकल र अन्य आवश्यकता पूरा गरिसकेको व्यहोरा) भन्ने विवरण सहितको पत्र र सबै सेमेष्टरको लब्धाङ्कपत्र पेश गरेमा त्यस्ता उम्मेदवारको न्यूनतम योग्यता पुरा भएको मानिनेछ । विदेशी संस्थामा अध्ययन गरेका उम्मेदवारहरुले सम्बन्धित निकायबाट आफूले प्राप्त गरेको योग्यताको समकक्षता निर्धारण गराएको हुनुपर्नेछ ।

छ) विज्ञापन नम्बर र परीक्षा केन्द्र एक पटक छनौट गरिसकेपछि पुनः संशोधन नहुने हुँदा विश्वस्त भई विज्ञापन नं. र परीक्षा केन्द्रहरु छनौट गर्नुपर्नेछ ।

ज) परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसीको मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

झ)	दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता सम्बन्धी विवरण अनलाइन फाराम भर्ने क्रममा हेर्न सकिनेछ ।

ञ)	पाठ्यक्रम आयोगको वेबसाइट www.psc.sudurpashchim.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

ट)	कोभिड-१९ संक्रामक रोगबाट सृजना हुन सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी आयोगबाट संचालन हुने प्रतियोगितात्मक परीक्षालाई व्यवस्थित र प्रभावकारी रुपमा संचालन गर्न संक्रमणको विशेष अवस्थामा स्वास्थ्य सम्बन्धी मापदण्ड अपनाइनेछ ।

ठ)	दरखास्त भर्ने तरिका सम्बन्धी जानकारीको लागि वेबसाईटमा राखिएको User Manual हेर्न सकिनेछ ।

**सम्पर्कः०९१-५२७६००,Website:-http://psc.sudurpashchim.gov.np,Email:- ppsc.p7@gmail.com**